# म्याङलुङ नगरपालिकाको शवबाहन सेवा सञ्चालन निर्देशिका २०७६

२०७६

प्रमाणीकरण मिति २०७६।०९।१२

म्याङलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

नगर प्रमुख

## म्याङलुङ नगरपालिका
## शवबाहन सेवा सञ्चालन निर्देशिका,२०७६

प्रस्तावना:

म्याङलुङ नगरपालिक, तेह्रथुम जिल्ला भित्रका बासिन्दाहरुलाई पारिवारिक सदस्यको मृत्यू हुँदा शवलाई अन्तिम संस्कार स्थलसम्म पुऱ्याउनका लागि शवबाहन सेवा सञ्चालनलाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा सेवामा जनताको पहुंच बढाई सेवाको गुणस्तर वृद्धि गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफ १०२ (२) को अधिकार प्रयोग गरी म्याङलुङ नगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम "शवबाहन सेवा सञ्चालन निर्देशिका, २०७६" रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) शवबाहन भन्नाले मृतकलाई लाने तथा ल्याउन स्वीकृत प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले शवबाहनमा जडित उपकरण,चालक समेतलाई जनाउँछ ।

(ख) चालक भन्नाले शवबाहन चलाउने चालक सम्झनुपर्दछ ।

(ग) नगरपालिका भन्नाले म्याङलुङ नगरपालिकालाई सम्झनुपर्दछ ।

(घ) सेवाशुल्क भन्नाले शवबाहन प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनुपर्नेगरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

(ङ) समिति भन्नाले दफा घ बमोजिम गठित शवबाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्दछ ।

(च) सेवा भन्नाले शवबाहनले दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

३. शवबाहन सेवा व्यवस्थापन तथा अनुगमन समितिः

(१) शवबाहन सेवा सञ्चालन व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक नगर शवबाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगरप्रमुख- संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) नगरकार्यपालिकाले तोकेको २ जना वडा अध्यक्ष सहित १ जना कार्यपालिका सदस्य -सदस्य

(घ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख- सदस्य-सचिव

(२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम,कर्तव्य र अधिकार :

(१) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) शवबाहन सेवा सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) शवबाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) शवबाहनको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने ।

(ङ) चालकले अनुसूची बमोजिम सेवा सुल्क लिई बैंक कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगरकार्यपालिकामा पेश गर्नुपर्नेछ

म्याङलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

नगर प्रमुख

५. सेवा शुल्का सम्बन्धी व्यवस्था :-

(१) शवबाहन सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुमा बुझाउनुपर्नेछ ।

(२) शवबाहन सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैंक खाता कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाइ उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख नियन्त्रण खाता नगरपालिकामा राखिनेछ ।

(४) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खाताामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकाको हुनेछ ।

(५) कोषको रकम नगरकार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, शवबाहनको मर्मत सम्भार र शवबाहनमा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधा**

(१) शवबाहन सेवा सञ्चालनका लागि नगरकार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु २ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोष्बाट व्यहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनूसूची २ बमोजिम हुनेछ ।

**(७) शवबाहन रहने स्थान सोको मर्मत सम्भार**

(१) शवबाहन स्याङलुङ नगरपालिका वडा नं. १ स्थित ग्यारेजमा रहनेछ ।

(२) शवबाहनको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

(८) विविधः-

(१) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा नगरकार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

निर्देशिकाको दफा ५ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट

| सि.नं. | देखि | सम्म | दररेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल तेह्रथुम देखि म्याङलुङ नगरपालिका क्षेत्र भित्र | मृतकको घर सम्म | रु. ५०० - | |
| २ | म्याङलुङ नगरपालिका स्थित प्रयोगकर्ताको घरदेखि | म्या.न.पा.को अन्तिम संस्कार स्थल | रु. २,०००/- | |
| ३ | तेह्रथुम जिल्लासँग सिमाना जोडिएका जिल्ला | म्या.न.पा.का अन्तिम संस्कार स्थल | रु. ४,०००/- | |
| ४ | सुनसरी जिल्ला | म्याङलुङ न.पा.को अन्तिम संस्कार स्थल | रु.५,००० - | |
| ५ | प्रदेश नं. १ का अन्य जिल्लाहरु | म्याङलुङ न.पा.को अन्तिम संस्कार स्थल | रु. ६,००० - | |

नगर कार्यपालिकाको कार्यालय म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल

(signature)

... कुमार तुम्बाहाङफे
नगर प्रमुख

## अनुसूची २

### (निर्देशिकाको दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

### शवबाहन चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. शवबाहन सञ्चालन निर्देशिका,२०७६ लाई पूर्णतः पालना गर्नुपर्ने ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वासनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरी शवबाहन चलाउनु नहुने ।

४. शवको सवारी चलाउने क्रममा सम्बन्धित परिवार तथा आफन्तलाई सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

५. आफूले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने ।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रमा अरुलाई पनि सिकाउनुपर्ने ।

७. शवको सवारी चलाउने बाहेक अन्य काममा शवबाहन प्रयोग नगर्ने नगराउने ।

म.......................................(नाम).......................................ठेगाना .................. ना.प्र.नं. .................. जिल्ला.................. ड्राईभिङ लाइसेन्स नं. ..........................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । .......................... जिल्ला............ संस्थाको शवबाहन चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेकोछु ।

चालकको :

दस्तखत :..........................

मिति

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको :

दस्तखत :

नाम थर :

पद :

मिति :

संस्थाको छाप :